२०६३ चैत्र २१

माननीय मन्त्री श्रीमती हिसिला यमीज्यू
भौतिक योजना तथा निर्माण मन्त्रालय
सिंहदरवार, काठमाडौं

विषयः काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापन निजीकरण प्रक्रिया अविलम्ब खारेजीको मागसहितको ज्ञापनपत्र ।

महोदय,

उपर्युक्त सम्बन्धमा खानेपानी सेवाजस्तो आधारभूत मानवअधिकार सबै र सधैका लागि भन्ने विश्वव्यापी मान्यताविपरीत विगतमा शाही सरकारको पालामा नेपाल खानेपानी संस्थानलाई निजीकरण गरी संस्थानको स्वामित्व निजी कम्पनीलाई दिन जारी गरिएको नेपाल खानेपानी संस्थान ( तेस्रो संसोधन) विधेयक-२०६३ लाई जनबलबाट पुनर्स्थापित विघठित प्रतिनिधिसभाबाट पारित भई विघटित सरकारले सोही विधेयकका आधारमा गर्न लागेको काठमाडौं उपत्यकाको खानेपानी निजीकरण फिर्ता लिन हामी जोडदार माग गर्दछौं ।

खानेपानी सेवाजस्तो आमनागरिकको आधारभूत मौलिक अधिकारको संरक्षणका निमित्त राज्यको प्रतिनिधि संस्थाका रूपमा कार्यरत नेपाल खानेपानी संस्थानलाई गैरसंवैधानिक एवम् बदनियतपूर्वक दायित्वमुक्त गर्दै व्यवस्थापनको सम्पूर्ण जिम्मा विदेशी मुनाफाखोर भ्रष्ट कम्पनीलाई दिने निर्णय जनहित विपरित भएको र बृहत् शान्ति सम्झौता तथा अन्तरिम संविधानमा खानेपानी सेवालगायतका स्वास्थ्यसेवालाई आधारभूत मानवअधिकारका रूपमा स्वीकार गरिसकिएकाले काठमाडौं उपत्यकालगायत नेपालको कुनै पनि भागमा खानेपानी सेवालाई कुनै पनि रूपमा निजीकरण गर्ने कार्य खारेज गर्न माग गर्दछौं ।

खानेपानीजस्तो आधारभूत मानवअधिकारको विषयलाई राज्यको अनिवार्य दायित्वअन्तर्गत समावेश गरी खानेपानी सेवाको व्यवस्थापन आवश्यक सुधारसहित वर्तमान नेपाल खानेपानी संस्थान तथा अन्य सार्वजनिक निकायहरूसमेतको संलग्नतामा व्यवस्थित गर्न तथा नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा गरिएको संशोधन तथा खानेपानी सेवालाई निजीकरण गर्नेसम्बन्धमा विगतको संसद्ले रहस्यमय ढंगले पारित गरेका ऐनहरू खारेज गर्न, सेभर्न ट्रेन्ट वाटर इन्टरन्याश्नल् नामक बेलायतको विवादास्पद बहुराष्ट्रिय कम्पनीसँग हुने भनिएको काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापन करारमा दिनेसम्बन्धी सम्पूर्ण कार्यहरू तत्काल बन्द गर्न हामी माग गर्दछौं ।

साथै मेलम्ची खानेपानी आयोजनाका लागि ऋणको पूर्वशर्तस्वरुप एशियाली विकास बैंकले लादेको काठमाडौं खानेपानी सेवालाई निजीकरण गर्ने भन्ने प्रावधान तत्काल हटाउन तथा मेलम्ची आयोजनामा हुने गरेका भ्रष्टचार, अनियमितताका साथै मेलम्ची आयोजनामा रहेका दाताहरुका पूर्वसर्तहरुमा पुनरावलोकन गर्न समेत हामी माग गर्दछौँ ।

*वोधार्थ*
*सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाज्यू, मन्त्रिपरिषदको सचिवालय, सिंहदरवार, काठमाडौं ।*
*माननीय मन्त्री श्री रामशरण महतज्यू, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं ।*
*माननीय मन्त्री देव गुरुङ, स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर ।*

भवदीय

| क.सं. | नाम र संस्था | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रामचन्द्र चटौत, जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल | अध्यक्ष | |
| २ | इन्द्र तामाङ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल | सदस्यसचिव | |
| ३ | रविन सुवेदी, पब्लिक इन्ट्रेष्ट ल फर्म | अधिवक्ता | |
| ४ | रतन भण्डारी, राष्ट्रिय सरोकार समाज | सचिव | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |